नेपाली राजदूतावास
ओटावा, क्यानडा
Embassy of Nepal
Ottawa, Canada

नेपाली राजदूतावास
ओटावा

## भौतिक पूर्वाधार पुनर्निर्माण कोषमा रकम जम्मा गर्ने सम्बन्धी सूचना

मिति २०८२ भाद्र २३ र २४ गते भएको जेन-जी आन्दोलनको क्रममा क्षति पुगेका भौतिक संरचनाहरुको पुनर्निर्माण, आर्थिक पुनरुत्थान र राहत लगायतका कार्यको लागि नेपाल सरकारले स्थापना गरेको **भौतिक पूर्वाधार पुनर्निर्माण कोष**को राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, काठमाडौंमा रहेको **खाता नम्बर १९६०१००१०२०७०००४, SWIFT CODE: RBBANPKA** मार्फत् सहयोग गर्न यसअघि नेपाल सरकारबाट आह्वान भएको व्यहोरा विदितै छ।

जेन-जी आन्दोलनको क्रममा सहादत प्राप्त गरेकाको परिवार र घाइतेहरुको राहतका लागि नेपाल बाहिर GoFundMe लगायतका माध्यमबाट रकम उठाइएको जानकारी नेपाल सरकारका सम्बन्धित निकायलाई प्राप्त भएको छ।

अतः GoFundMe लगायतका माध्यमबाट जेन-जी आन्दोलनका क्रममा सहादत प्राप्त गरेकाको परिवार र घाइतेहरुको राहतका लागि उठाइएको रकम **भौतिक पूर्वाधार पुनर्निर्माण कोष**को उल्लिखित बैंक खातामा मात्र जम्मा गर्नुहुन र सो बाहेक अन्य माध्यमबाट रकम पठाएमा सम्बन्धित निकायबाट कानूनबमोजिम कारवाही हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिन्छ।

**नेपाली राजदूतावास**
**ओटावा, क्यानडा।**
२०८२ कार्तिक १८

408 Queen Street, Ottawa, ON K1R 5A7, Canada Tel. 613 680 5513 Email: nepalembassy@rogers.com